श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं. 12

माननीय न्यायाधीश श्री चन्द्रमणि ज्ञवाली

माननीय न्यायाधीश श्री डिल्लीरत्न श्रेष्ठ

**आदेश**

र.नं. 07-081-06057

रिट नं. 081-WO-1753

निर्णय नं. 496

**विषयः- उत्प्रेषण परमादेश ।**

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं.22 मा कार्यालय रहेको नेपाल औषधी उत्पादक संघको तर्फबाट अख्तियार प्राप्त भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. 1 बस्ने रुपेश थापा मगर ------------------------1 } **निवेदक**

**विरुद्ध**

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं.11 बिजुलीबजार काठमाडौँ स्थित औषधी व्यवस्था विभाग -----------------------------------------------1

ऐ. विभागका फार्मेसी अधिकृत आशा थापा ------------------------------------1 } **विपक्षी**

नेपालको संविधान, २०७२ को धारा ४६/१४४ तथा न्याय प्रशासन ऐन, 2073 को दफा ८(1) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश र तपसिल यस प्रकार छः-

**तथ्य खण्ड**

1. विपक्षी औषधी व्यवस्था विभागको पत्र संख्या ०८१/८२ चलानी नं. १२१३ मिति २०८१।०५।०२ को पत्रबाट निवेदक नेपाल औषधी उत्पादक संघमा आवद्ध २९ वटा औषधी उत्पादक कम्पनीहरुलाई "उपरोक्त सम्बन्धमा Empagliflozin 25/10/5 mg को विक्री वितरण प्रमाणपत्र प्रदान गर्दा बखत (Innovator: BOEHRINGER INGELHEIM PHARMA GMBH & CO.KG) को मूल्यमा विक्री वितरण प्रमाणपत्र अनुमति दिइएकोमा यस विभागको मिति २०८१।०४।०८ को निर्णय

अनुसार Empagliflozin 5mg को रु.१२/- Empagliflozin 10mg को रु.२०/- र Empagliflozin 25mg को रु.३०/- संशोधन गर्न हुन जानकारी गराइन्छ" भनी फार्मेसी अधिकृत आशा थापाले पत्राचार गर्नु भएको रहेछ। औषधी व्यवस्था विभागले औषधीको मूल्य निर्धारण गर्ने सम्बन्धी निर्णय गर्दा नेपाल सरकारबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेमा सो स्वीकृति नलिई आफूखुसी निर्णय गरी मूल्य निर्धारणको सूचना नेपाल राजपत्रमा समेत प्रकाशन गरेको देखिदैन। अतः औषधी व्यवस्था विभागको मिति २०८१।०४।०८ को उक्त निर्णय औषधी ऐन, २०३५ को दफा २६ ले तोकेको अनिवार्य प्रकृया पालना नगरी गरिएको अन्यायपूर्ण निर्णय भएको र यस्तो निर्णयले समग्र औषधी उत्पादनमा प्रतिकूल प्रभाव पारी बजार व्यवस्थापनमा गम्भीर असर पर्ने हुँदा सो निर्णय बदर गराउने सम्बन्धमा कानूनमा अन्य बैकल्पिक उपचारको व्यवस्था नभएको हुँदा रिट निवेदन दायर गरेका छौ। औषधी ऐन, २०३५ को दफा २६ तत्कालिन शाही औषधी लिमिटेडलाई हाल नेपाल औषधी लिमिटेडलाई लक्षित गरी भएको कानूनी व्यवस्थालाई टेकेर नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६४/०६/१० को निर्णय अनुसार विभिन्न २१ प्रकारका औषधीहरुको अधिकतम खुद्रामुल्य (Maximum Retail Price) तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/02/२१ को निर्णयले बढी प्रचलनमा रहेका १८ र दीर्घरोगमा प्रयोग हुने ७८ प्रकारका औषधीहरु उत्पादनहरुको अधिकतम खुद्रामुल्य तोकेको सम्बन्धमा चित्त नबुझी औषधी ऐन, २०३५ को दफा २६ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १९ सँग बाझिएको हुँदा बाझिएको हदसम्म प्रारम्भ देखि नै बदर गरी पाउँ र दफा २६ को अधिकार प्रयोग गरी भएका निर्णयहरु प्रारम्भबाटै बदर गरिपाउँ भनी रिट निवेदक नं. १ औषधी उत्पादक संघको तर्फबाट दायर भएको उत्प्रेषण परमादेश, समेतको रिट (मुद्दा नं. ०७२-WO-००९४) हाल सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधिन अवस्थामा रहेको छ। सम्मानित सर्वोच्च अदालतमा दायर रिटको सम्मानित अदालतको कार्यबोझको कारणबाट समयमा नै सुनुवाई हुन नसकी विचाराधिन अवस्थामा नै रहेको र औषधीको मुल्य निर्धारणमा असहज अवस्था भएको हुँदा निवेदक नं. १ औषधी उत्पादक संघले च.नं. ३९४ मिति २०७८/०९/१८ को पत्रमार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यू समक्ष "औषधी ऐन, २०३५ (संशोधन सहित) को दफा २६ मा औषधी व्यवस्था विभागबाट औषधीको मुल्य निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको रहेनछ भने औषधी उत्पादक स्वयंले आफ्नो लागत मुल्यको आधारमा औषधीको मुल्य निर्धारण गरी औषधी ऐन, २०३५ बमोजिम औषधी विक्री वितरण गर्न सक्ने व्यवस्था यथासक्य चाडो गरी औषधी व्यवस्था विभागलाई आवश्यक निर्देशन तथा

पत्राचार समेत गरिपाउन" निवेदन गरेका थियौं। सो निवेदन सम्बन्धमा कारवाही हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गुणस्तर, मापन तथा नियमन महाशाखाको च.नं. १३२८ मिति २०७९/०३/३१ को पत्रबाट "औषधी ऐन, २०३५ को दफा २६ मा उल्लिखित कानूनी व्यवस्था स्पष्ट रहेको र सो व्यवस्था बमोजिम औषधीको मुल्य निर्धारण गर्दा नेपाल सरकारको स्वीकृति लिन आवश्यक रहेको र नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र औषधीको मुल्य निर्धारण हुन सक्ने र त्यसरी निर्धारण गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको हुनाले सोही अनुरुप गर्न गराउन मिति २०७९/०३/२८ को यस मन्त्रालय ,सचिवस्तर) को निर्णयानुसार अनुरोध छ" भन्ने समेत बेहोराको पत्र नेपाल औषधी उत्पादक संघलाई लेखी औषधी व्यवस्था विभागलाई बोधार्थ पत्रद्वारा जानकारी दिइएको थियो। अतः औषधी व्यवस्था विभागले औषधी ऐन, २०३५ को दफा २६ मा उल्लिखित औषधीको मूल्य निर्धारण गर्नु पूर्व मूल्य निर्धारण गर्नु पर्ने कारण र आवश्यकताको औचित्यता पुष्ट्याई गरी नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र मूल्य निर्धारण गर्नु पर्ने र त्यसरी निर्धारण भएको औषधीको मूल्यको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्ने अनिवार्य शर्त पालना नगरी हचुवाको भरमा गरेको एकतर्फी निर्णय नेपालको संविधानको धारा १७(च), १८, २५, द्वारा प्रदत्त मौलिक हक तथा मुलुकी देवानी संहिता, २०७४ को दफा १७, १८, २० र दफा २५ द्वारा प्रदत्त कानूनी हकसमेतको हनन भएको हुँदा विपक्षीहरुको नाममा निम्न बमोजिमको आदेश जारी गरिपाउँ:

क. औषधी व्यवस्था विभागको मिति २०८१।०४।०८ को निर्णय, पत्राचार र सो सँग सम्बन्धित सम्पूर्ण निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरिपाउँ।

ख. औषधी ऐन, २०३५ को दफा ८क. को उपदफा (१) र औषधी दर्ता नियमावली, २०३८ को नियम ४क. को उपनियम (१) र (२) तथा अनुसूची-४क, ४ख. मा उल्लिखित व्यवस्था अनुरुपको जिम्मेवारी बहन गर्दा गराउँदा औषधी उत्पादक उद्योगहरुले औषधीको मुल्य निर्धारण गरी मुल्य खुलेको लेबुल सहितको उत्पादित औषधीको नमूना पेश गर्ने कार्यमा मुल्य निर्धारण गर्ने नाममा आफूलाई अधिकारै नभएको विषयमा प्रवेश गरी हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी गरिपाउँ।

ग. कुनै विषम वा विशेष अवस्था आई औषधी व्यवस्था विभागले कुनै औषधीको मूल्य निर्धारण गर्नु पर्ने आवश्यकता भएमा सो को औचित्यता पुष्टी गरी औषधी उत्पादकहरुसँग औषधीको लागत मूल्य यकिन गरी WHO लगायत अन्तर्राष्ट्रिय जगतमा अपनाइएका मूल्य निर्धारण सम्बन्धी अभ्यास समेतलाई विचार गरी कुनै प्रकारको भ्रम नपर्ने गरी निश्चित समय पश्चात

लागु हुने गरी कानूनले तोकेको विधि र प्रकृया अवलम्बन गरी मुल्य निर्धारण गर्ने कानून प्रदत्त जिम्मेवारी बहन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी गरिपाउँ। प्रस्तुत मुद्दाको अन्तिम किनारा हुन समय लाग्ने भएको हुँदा यो मुद्दाको अन्तिम किनारा नहुँदासम्मको लागि औषधी व्यवस्था विभागको मिति २०८१।०४।०८ को निर्णय, पत्राचार र सो सँग सम्बन्धित सम्पूर्ण कार्यहरु कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षी औषधी व्यवस्था विभागको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(क) बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ। साथै, प्रस्तुत निवेदनको विषयवस्तु मानव स्वास्थ्यसँग सम्बन्धित औषधीको उत्पादन र मुल्यसँग सम्बन्धित संवेदनशिल विषय भएको हुँदा यो मुद्दालाई अग्राधिकार दिई सुनुवाई गरी पाउँ भन्ने समेत बेहोराको रिट निवेदक नेपाल औषधी उत्पादक संघको तर्फबाट अख्तियार प्राप्त रुपेश थापा मगरको निवेदन पत्र।

2. यसमा के कसो भएको हो? निवेदनको मागअनुसारको आदेश किन जारी हुनु नपर्ने हो? निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवम् प्रमाणसहित म्याद सूचना तामेल भएका मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र उच्च सरकारी वकिल कार्यालय, पाटनमार्फत लिखितजवाफ प्रस्तुत गर्नुहोला भनी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी लिखितजवाफ प्राप्त भए वा सोको अवधि व्यतित भएपछि नियमानूसार पेश गर्नू। साथै, यसमा निवेदनको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, मिति २०८१।४।८ को निवेदन बमोजिम मूल्य निर्धारण भए उपर प्रस्तुत निवेदन परेको सन्दर्भमा दुवै पक्षलाई झिकाई छलफल गरी निष्कर्षमा पुग्न मनासिव देखिँदा अन्तरिम आदेश छलफलका लागि मिति २०८१।११।२१ को तारेख तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति 2081/11/15 मा भएको आदेश।

3. यसमा रिट निवेदनमा उल्लिखित औषधीको विक्री वितरण प्रमाणपत्र अनुमति प्रदान गर्दाको मुल्यमा संशोधन गर्नु भनी औषधी व्यवस्था विभागको च.नं.१२१३ मिति २०८१/०५/२३ को पत्रमा उल्लेख भएको देखियो। तर अनुमति प्रदान गर्दा कुन निकायबाट के कति मुल्य निर्धारण गरिएको थियो भन्ने सम्बन्धमा स्पष्ट नभएकोले सो विषयमा भएको निर्णय र उक्त विभागले मिति २०८१/०५/२३ मा सो औषधीको मुल्य संशोधन गर्ने सम्बन्धमा गरेको निर्णय सहितको फाइल औषधी व्यवस्था विभागबाट उच्च सरकारी वकिल कार्यालय, पाटनमार्फत झिकाई प्राप्त भएपछि नियमानुसार गरी अन्तरिम आदेशको निमित्त पेश गर्नू भन्ने यस अदालतबाट मिति 2081/11/21 मा भएको आदेश।

4. प्रस्तुत रिट निवेदनमा माग गरिएको विपक्षी औषधी व्यवस्था विभागबाट मिति २०८१/०४/८ मा भएको निर्णय बमोजिम Empagliflozin 5mg को मुल्य रु. १२ Empagliflozin 10mg को मुल्य रु. २० र Empagliflozin 25 mg को मुल्य रु.३० कायम गर्ने गरी संशोधन गरेको विभागको निर्णय विरुद्धमा प्रस्तुत रिट निवेदन दायर भएको देखियो। औषधी ऐन, २०३५ को दफा २६ बमोजिम औषधी व्यवस्था विभागले औषधीको मुल्य निर्धारण गर्न सक्ने नै देखियो। तर त्यसरी मुल्य निर्धारण गर्दा विभागले सपठित ऐनको दफा २६ वमोजिम नेपाल सरकारको स्वीकृति लिई मुल्य निर्धारण गर्न सक्ने र यसरी मुल्य निर्धारण गरेको निर्णय नेपाल राजपत्रमा समेत सूचना प्रकाशन गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखियो। यस अदालतको मिति २०८१/११/२१ को आदेशले माग भई विभागबाट प्राप्त भएको सो निर्णय सम्बन्धी सक्कल फाइलमा नेपाल सरकारको स्वीकृति लिएको भन्ने बेहोरा उल्लेख भएको नदेखिएको र सो निर्णय राजपत्रमा प्रकाशित गर्ने भनी उल्लेख भएको पनि देखिएन। तसर्थ विभागको मिति २०८१/०४/०८ को निर्णय निवेदक संस्था आवद्व औषधी उत्पादन कम्पनीबाट अनुमति पत्रमा उल्लेख भएको व्याच नं.का बजारमा निर्यात भइसकेका औषधीहरुको हकमा पनि हो वा निर्णय पछि उत्पादन हुने व्याच नं.का औषधीहरुको हकमा लागू हुने हो? सो निर्णयमा स्पष्टताका साथ उल्लेख भएको अवस्था समेत देखिएन। अतः उल्लेखित अवस्थाको प्रस्तुत रिट निवेदनमा विपक्षीबाट पछि पेश हुने लिखितजवाफबाट औषधी ऐन, २०३५ को दफा २६ वमोजिमको प्रकृया पुरा भए नभएको सम्बन्धमा प्रस्तुत रिट निवेदनमा अन्तिम सुनुवाई हुँदा यथोचित विवेचना हुने नै हुँदा हाल सुविधा सन्तुलन र निवेदकलाई पर्न सक्ने सम्भावित क्षति समेतको दृष्टिले विपक्षी विभागबाट भएको मिति २०८१/०४/०८ को निर्णय तत्काल कार्यन्वयन नगरी यथास्थितिमा राख्नू पर्ने अवस्थाको देखियो। अतः सो निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नू भनी विपक्षी औषधी व्यवस्था विभाग समेतका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(३) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीलाई दिई प्रस्तुत रिट निवेदनको विषय औषधी विक्री वितरण र सर्वसाधारणले उपभोग गर्ने औषधी सम्वन्धि विषय भएकोले अग्राधिकार दिई यथाशिघ्र पेश गर्नू भन्ने यस अदालतबाट मिति 2081/11/28 मा भएको आदेश।

5. प्रस्तुत Empagliflozin 25/10/5 mg को सम्बन्धमा कम्पनीबाट विश्व बजारमा API (Empagliflozin) को मूल्यमा गिरावट आएको कारणले उक्त औषधीको मुल्य घटाउन आवश्यक देखि उक्त कम्पनीको नीति अनुसार सोको लाभ

उपभोक्ताहरूलाई समेत हस्तान्तरण गर्न र स्वच्छ प्रतिस्पर्धा गर्नसमेत सहयोग पुग्ने हुनाले उक्त औषधीहरूको अघिल्लो मूल्य र परिमार्जित मूल्य सूची सहित संलग्न राखी निवेदन पेश गरेको हो। यस विभागलाई प्राप्त अधिकार वमोजिम उक्त निवेदन हेर्दा पुरानो मूल्य र हाल संशोधनको लागि पेश भएको मूल्यमा फरक पर्न आएको हुनाले औषधी ऐनको दफा ५ को उपदफा (२) तथा औषधी दर्ता नियमावली, २०३८ को नियम ४क. को उपनियम (१) र (२) बमोजिम औषधीको नियमन गर्ने अधिकार यस विभागलाई प्रदान गरेकोले मिति २०८१/४/८ मा उक्त कम्पनीहरूले माग गरे बमोजिम मूल्य संशोधन गर्ने निर्णय भएको हो, मूल्य निर्धारण भएको होइन। अतः विभिन्न कम्पनीहरूले विभागमा पेश गरेको निवेदनका आधारमा संवैधानिक तथा कानूनी अधिकार प्रयोग गरी औषधीको म ुल्य समायोजन गरेको विषय र उक्त अन्तरिम आदेशमा उल्लेख भए बमोजिम औषधी ऐनको दफा २६ बमोजिमको मूल्य निर्धारण गर्दा प्रक्रिया पुरा नभएको भन्ने विषय फरक फरक विषय भएकोले उक्त अन्तरिम आदेश वदरभागी देखिन्छ। यस विभागबाट मिति २०८१/४/८ मा भएको निर्णय कानून बमोजिम नै भएको हुँदा अदालतबाट जारी भएको अन्तरिम आदेश बदर गरी पाउँ। Empagliflozin 25/10/5 mg को मूल्य सशोधन गरेको विषय सम्बन्धी रिट निवेदनमा अदालतबाट मिति २०८१/११/२८ मा भएको अन्तरिम आदेशबाट औषधी विक्री वितरण र सर्वसाधारणले उपभोग गर्न प्रत्यक्ष असर पर्ने देखिएकोले प्रस्तुत अन्तरिम आदेश रद्द गरी पाउँ भन्ने समेत बेहोराको प्रत्यर्थी निवेदक औषधि व्यवस्था विभागको तर्फबाट ऐ.का महानिर्देशक नारायण प्रसाद ढकालको निवेदन पत्र।

6. यसमा दुवै पक्षसँग छलफल गरी मिति 2081/12/28 मा अन्तरिम आदेश जारी भएको देखिँदा निवेदन मागबमोजिम सो अन्तरिम आदेश रद्द गर्नु पर्ने देखिएन। कानूनबमोजिम गर्नू भन्ने यस अदालतबाट मिति 2081/12/26 मा भएको आदेश।

**आदेश खण्ड**

7. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री रमेश प्रसाद धिताल र श्री मुकुन्द प्रसाद पौडेलले एवम् विद्वान  अधिवक्ता श्री रविन्द्र प्रसाद शर्माले औषधी व्यवस्था विभागले औषधीको मूल्य निर्धारण गर्ने सम्बन्धी निर्णय गर्दा नेपाल सरकारबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेमा सो स्वीकृति नलिई आफूखुसी निर्णय गरी मूल्य निर्धारणको सूचना नेपाल राजपत्रमा समेत प्रकाशन नगरी औषधी व्यवस्था

विभागको मिति २०८१।०४।०८ को निर्णय औषधी ऐन, २०३५ को दफा २६ ले तोकेको अनिवार्य प्रकृया पालना नगरी भएको हुँदा वदर गरी पाँउ भनी तथा विपक्षीको तर्फवाट उच्च सरकारी वकिल कार्यालय पाटनका विद्दान उप-न्यायाधिवक्ता श्री सुभाष कुमार भट्टराइले औषधी व्यवस्था विभागलाई प्राप्त अधिकार वमोजिम पुरानो मूल्य र हाल संशोधनको लागि पेश भएको मूल्यमा फरक पर्न आएको हुनाले मूल्य संशोधन गर्ने निर्णय भएको हो, मूल्य निर्धारण भएको होइन भनी गर्नुभएको वहस समेत सुनियो।

8. उल्लिखित बेहोराको निवेदन दावी एवम् लिखित जवाफ रहेको प्रस्तुत रिट निवेदनमा माग बमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

9. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत रिट निवेदनमा विपक्षी औषधी व्यवस्था विभागबाट मिति २०८१/०४/८ मा भएको निर्णय बमोजिम Empagliflozin 5mg को मुल्य रु. १२ Empagliflozin 10mg को मुल्य रु. २० र Empagliflozin 25 mg को मुल्य रु.३० कायम गर्ने गरी संशोधन गरी निर्णय भएको देखिन्छ। औषधी व्यवस्था विभागले औषधीको मूल्य निर्धारण गर्ने सम्बन्धी निर्णय गर्दा नेपाल सरकारबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेमा सो स्वीकृति नलिई आफूखुसी निर्णय गरी मूल्य निर्धारणको सूचना नेपाल राजपत्रमा समेत प्रकाशन गरेको देखिदैन। औषधी व्यवस्था विभागको मिति २०८१।०४।०८ को उक्त निर्णय औषधी ऐन, २०३५ को दफा २६ ले तोकेको अनिवार्य प्रकृया पालना नगरी भएको र यस्तो निर्णयले समग्र औषधी उत्पादनमा प्रतिकूल प्रभाव पारी बजार व्यवस्थापनमा गम्भीर असर पर्ने हुँदा सो निर्णय बदर पाँउ भन्ने समेतको रिट निवेदन दावी रहेको देखिन्छ।

10. औषधी ऐन, २०३५ को दफा २६ बमोजिम औषधी व्यवस्था विभागले औषधीको मुल्य निर्धारण गर्न सक्ने व्यवस्था रहेको देखिन्छ। तर त्यसरी मुल्य निर्धारण गर्दा विभागले औषधी ऐनको दफा २६ वमोजिम नेपाल सरकारको स्वीकृति लिई मुल्य निर्धारण गर्न सक्ने र यसरी मुल्य निर्धारण गरेको निर्णय नेपाल राजपत्रमा समेत सूचना प्रकाशन गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। मिति २०८१/११/२१ मा यस अदालतको आदेशले माग भई विभागबाट प्राप्त भएको सो निर्णय सम्बन्धी सक्कल फाइलमा नेपाल सरकारको स्वीकृति लिएको भन्ने बेहोरा उल्लेख भएको नदेखिएको र सो निर्णय राजपत्रमा प्रकाशित गर्ने भनी उल्लेख भएको पनि नदेखिएको अवस्थामा विपक्षीले मुल्य निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि पूर्ण रुपमा अपनाएको देखिन आएन। तसर्थ विपक्षी औषधी व्यवस्था विभागले जारी गरेको मिति २०८१।४।८ को निर्णय र सो

आधारमा भएको पत्राचार औषधी विक्री वितरण दर्ता प्रमाण पत्र विपरीत हुने गरी आवश्यक कार्यविधिगत प्रक्रिया पूरा नगरी भए गरेको देखिएको छ।

11. निवेदकले परमादेशको आदेश जारी गरी पाउन गरेको मागतर्फ विचार गर्दा, विभागले विभिन्न कम्पनीहरूले पेश गरेको निवेदनका आधारमा संवैधानिक तथा कानूनी अधिकार प्रयोग गरी औषधीको मुल्य समायोजन गरेको विषय र औषधी ऐनको दफा २६ बमोजिमको मूल्य निर्धारण गर्दा प्रक्रिया पुरा नभएको भन्ने विषय फरक फरक विषय भएको भन्ने औषधी ब्यबस्था विभागको लिखित जवाफ रहेको पाइन्छ। औषधी ऐनको दफा ५ को उपदफा (२) तथा औषधी दर्ता नियमावली,२०३८ को नियम ४क. को उपनियम (१) र (२) बमोजिम औषधीको नियमन गर्ने अधिकार विपक्षी औषधी ब्यवस्था विभागलाई रहे भएकोमा विवाद देखिदैन। सोही नियमावली बमोजिम निवेदकहरूले Empagliflozin को बिक्री मूल्य सहितको औषधी विक्री वितरण दर्ता प्रमाण पत्र प्राप्त गरेको समेत देखिन्छ। तथापी प्रचलित कानूनी ब्यवस्थाको अवलम्वन गरी कम्पनीहरूको माग समेतलाई विचार गरी मूल्य संशोधन गर्ने निर्णय भएको हो, मूल्य निर्धारण नभएको भनी विपक्षी औषधी व्यवस्था विभागको लिखित जवाफ समेत रहेकोमा मूल्य सहितको औषधी बिक्री बितरण गर्ने प्रमाण पत्र प्राप्त गरेको कम्पनीले सो प्रमाण पत्रमा उल्लेख भएको भन्दा कम मुल्य कायम गरी पाउन दिएको निवेदन तथा सो बमोजिमको विपक्षीको निर्णय सो माग गर्ने कम्पनीको हकमा अन्यथा भन्ने मिल्ने देखिदैन। तसर्थ औषधी बिक्री वितरण गर्दा प्रमाणपत्र जारी गर्ने तथा नियमन गर्ने विषय नियमावली वमोजिम नै हुने हुँदा परमादेश जारी गर्नुपर्ने अवस्था देखिन आएन।

12. अतः प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागज प्रमाणलाई विश्लेषण गरी हेर्दा, यि निवेदकहरूको हकमा विपक्षी स्वंय औषधी व्यवस्था विभागले जारी गरेको औषधी विक्री वितरण दर्ता प्रमाण पत्रको अबधी बाँकी रहेकै अबस्थामा सो विपरीत Empagliflozin औषधीको मुल्य संशोधन हुने गरी ऐनले तोकेको आवश्यक प्रक्रिया समेत पूरा नगरी भएको गरेको मिति २०८१।४।८ को निर्णय र सो आधारमा भएको पत्राचार कानून वमोजिम भए गरेको देखिएन। अतः उक्त निर्णय र पत्राचार उत्प्रेषणको आदेशले वदर गरिदिएको छ। परमादेश मागतर्फ औषधी बिक्री वितरण गर्दा प्रमाणपत्र जारी गर्ने र नियमन गर्ने विषय नियमावली वमोजिम नै हुने हुँदा परमादेश जारी गर्नुपर्ने देखिएन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

1. माथि आदेश खण्डमा उल्लेख भए वमोजिम विपक्षी औषधी व्यवस्था विभागको मिति २०८१।४।८ को निर्णय र सो आधारमा भएको पत्राचार उत्प्रेषणको आदेशले बदर भएको हुँदा सोको जानकारी उच्च सरकारी वकिल कार्यालय पाटन मार्फत विपक्षीहरुलाई दिनू।
2. सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग गरे उच्च अदालत नियमावली, 2073 को नियम 120 बमोजिम प्रतिलिपि दिनू।
3. फैसला प्रमाणीकरण भएको सूचना टाँस गरी यस अदालतको वेभसाइटमासमेत प्रकाशन गर्नू।
4. प्रस्तुत आदेश यस अदालतको वेभसाइडमा अपलोड गरी पिठमा जनाउनू।
5. प्रस्तुत फैसलाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

डिल्लीरत्न श्रेष्ठ
न्यायाधीश

उक्त रायमा सहमत छु।

चन्द्रमणि ज्ञवाली
न्यायाधीश

**<u>फैसला लेखनमा सहयोग गर्नेः</u>**

इजलास अधिकृत: नवराज खनाल

कम्प्युटर टाईप गर्ने: बसन्त दर्शनधारी

इति संवत् २०81 साल चैत्र 27 गते रोज 4 शुभम् ........................................।

फैसला प्रमाणीकरण मिति र दस्तखतः 2082।4।4 न्यायाधीश अदालतको छाप